उत्तरगया गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

प.स.२०८३/०८४
च.नं.

लहरेपौवा, रसुवा
वागमती प्रदेश, नेपाल

मितिः २०८३/०६/२७

**विषयः रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण संकलन तथा दर्तासम्बन्धी अत्यन्त जरुरी सूचना ।**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाडौंबाट जारी गरिएको रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ अनुसार मिति २०८३/०५/१० गते रसुवा भोटेकोशीमा आएको बाढीमा परी बेपत्ता हुनुभएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गरी अन्तिम प्रमाणीकरण गर्नुपर्ने भएकाले यस गाउँपालिका अन्तर्गत स्थायी ठेगाना भई उक्त बाढीमा परी कोही व्यक्ति बेपत्ता हुनुभएको भए यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र देहाय बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ ।

१. <u>नेपाली नागरिक बेपत्ता भएको भए अपनाउनुपर्ने प्रक्रियाः</u>

- **एकाघरका परिवारले पेस गर्नुपर्नेः** बेपत्ता व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, एकाघरका परिवार र बेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोहि बाढीमा बेपत्ता भएको हो भन्ने यसै सूचना साथ संलग्न निवेदन र स्वःघोषणा सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ ।

- **परिवारका सदस्य नभएको अवस्थामाः** बेपत्ता व्यक्तिको एकाघरमा कुनै परिवार सदस्य उपलब्ध नभएमा, सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्का सहित वडा कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ ।

पुनश्चः सूचनाको समयावधि समाप्त भए लगत्तै वडा समितिबाट सिफारिस साथ प्राप्त भएका बेपत्ता व्यक्तिहरुको विवरण जाँचबुझ गरी यस गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्ने छ ।

तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

**तिलकराम पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**

CS Scanned with CamScanner